| दफा | प्रमुख संसोधन |
|---|---|
| दफा ४ | १) कर अधिकृतको अधिकार क्षेत्र यस अघि नेपाल सरकारले भन्ने रहेकामा अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिम हुनेछ भन्ने बनाइएको । |
| दफा ८ (२) | नेपाल बाहिरको कुनै व्यक्तिबाट सेवा प्राप्त गर्न दर्ता भएको वा दर्ता नभएको व्यक्तिले तिर्ने रिर्भस भ्याट लाग्ने समय भुक्तानीमा आधारीत नभएर खर्च वा भुक्तानी जुन पहिले हुन्छ सो समयमा निर्धारण हुने बनाइएको । |
| दफा १० | क) ईटा उत्पादन गरी कारोवार गरेमा, मदिरा डिष्ट्रिव्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, र्‍याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन, (ख) कुनै व्यक्तिले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्वल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लब, मसाज थेरापी, ब्याटीपार्लर, क्याटरिङ्ग सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइसक्रिम उद्योग, कलरल्याब, बुटिक, सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपुर्ति गर्ने लाई बाध्यकारी भ्याटमा दर्ता गर्ने व्यवस्था केही वर्ष हटेकोमा पुनः ल्याइएको । |
| दफा १४क | विद्युतीय बीजक तथा केन्द्रीय बीजक अनुगमन प्रणाली (सिविएमएस) लाई ऐन द्वारा स्पष्ट पारिएको । |
| दफा १५ उपदफा ३ | नेपाल सरकार, प्रदेश सरकार समेतले मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवा बिक्री गर्दा मुअकर असुल उपर गर्नु पर्ने प्रष्ट पारिएको |
| दफा १८ | विद्युतीय माध्यमबाट बुझाइने मु.अ.कर विवरण ऐन संवत बनाइएको । |
| दफा २९ (छ३) | विद्युतीय बीजक जारी गर्न सफ्वेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा सञ्चालन गर्ने व्यक्तिले विभागले दफा १४क. बमोजिम जारी गरेको कार्यविधिको पालना नगरेमा पाँच लाख रुपैयाँ जरिवानाको व्यवस्था गरिएको |
| दफा २९ उपदफा (१ग) | वस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई जारी बीजक मुल्यको पचास प्रतिशत जरिवानाको व्यवस्था गरिएको । |
| अनुसुची १ मा भएको संसोधन | |
| समुह : ५ औषधी उपचार तथा यस्तै स्वास्थ्य सेवाहरु | स्वास्थ्य सेवा मुल्य अभिवृद्धि करमा दर्ता हुन नपाउने बनाइएको |
| समुह : ५ औषधी उपचार तथा यस्तै स्वास्थ्य सेवाहरु | औषधी व्यवस्था विभागको सिफारिशमा औषधीको रुपमा प्रयोग हुने स्लाइन उत्पादन गर्ने उद्योगले आयात गर्ने स्लाइनको प्याकिङ्ग सामाग्री उत्पादन गर्न प्रयोग हुने प्लाष्टिक दानालाई मु.अ.कर छुट दिइएको |
| समुह : ६ शिक्षा (घ) | शिक्षण संस्थाले सोही संस्थाको प्रयोजनको लागी स्वयंले संचालन गरेको चमेना गृह (क्यान्टिन) र छात्रावास (होस्टेलको) कारोबारमा मुअकर छुट दिइएको । |
| समुह : ११ अन्य वस्तु तथा सेवा (अ) **मालवस्तुहरुः** | कच्चा (क्रुड) बाहेक पेट्रोलियम तेल र बिटुमिन खनिजबाट प्राप्त तेल; तौलमा ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेल वा बिटुमिन खनिजबाट प्राप्त तेल भएका, यिनै तेल नै मुख्य घटक (बेसिक कन्स्टिचुएण्ट्स) भएका, अन्यत्र समावेश वा निर्दिष्ट नगरिएका तयारी वस्तुहरू (प्रिपरेसन्स); रद्दी तेलहरू (वेष्ट आयल्स) मा मु.अ.कर छुट दिइएको |
| समुह : ११ अन्य वस्तु तथा सेवा (अ) **मालवस्तुहरुः** | पेट्रोलियम तेलहरू र विटुमिन खनिजहरूबाट प्राप्त तेलहरु (कच्चा तेल बाहेक) तथा अन्यत्र निर्दिष्ट वा समावेश नभएका, तौलको हिसावले ७० प्रतिशत वा सो भन्दा बढी पेट्रोलियम तेलहरू वा विटुमिन खनिजबाट प्राप्त तेलहरू भएको, यिनै तेलहरु मुख्य घटक (बेसिक कन्स्टिचुएण्ट्स) भएका तयारी वस्तुहरू (प्रिपरेसन्स), जैविक डिजेल भएका बाहेक र रद्दी तेल (वेष्ट आयल) हरू बाहेक मा मु.अ.कर छुट दिइएको |
| समुह : ११ अन्य वस्तु तथा सेवा (आ) अन्य **वस्तु वा सेवाहरुः** | प्रदेश वा स्थानीय तहद्वारा प्रदान गर्ने सेवाहरू समेत मुअकर छुट |

| | |
|---|---|
| समुह : ११ अन्य वस्तु तथा सेवा (आ) अन्य **वस्तु वा सेवाहरुः** | • मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर),<br>• पुँजी बजार व्यवसाय,<br>• धितोपत्र व्यवसाय,<br>• मर्चेन्ट बैंकिङ्ग व्यवसाय,<br>• कमोडिटी फ्याचर मार्केट र<br>• धितोपत्र तथा कमोडिटी दलाल व्यवसायलाई<br>मु.अ.कर नलाग्ने व्यवस्था गरिएको |
| समुह : ११ अन्य वस्तु तथा सेवा (आ) अन्य **वस्तु वा सेवाहरुः** | जनसंख्या तथा वातावरण मन्त्रालयको सिफारिशमा सफा टेम्पोमा प्रयोग हुने डिप साइकल लिड एसिड ब्याट्रीहरू (उपशीर्षक ८५०७.२०.००) मु.अ कर छुटबाट हटाइएको |
| समुह : ११ अन्य वस्तु तथा सेवा (आ) अन्य **वस्तु वा सेवाहरुः** | उपशीर्षक ९४०५.४० मा पर्ने सोलार लिड डिसि बत्तीहरू, उपशीर्षक २९०५.३२, ७४१०.२१, ७६०७.१९, ८४०३.१०, ८४०३.९०, ८४१२.८०, ८४१३.८१, ८४१९.१९, ८४१९.३१ र ८५१६.६० अन्तर्गत पर्ने सौर्य ताप ऊर्जा सम्बन्धी उपकरण र पार्टपुर्जाहरू र सोलार चार्ज कन्ट्रोलर (उपशीर्षक ८५०४.४०) मु.अ कर छुटबाट हटाइएको |
| समुह : ११ अन्य वस्तु तथा सेवा (आ) अन्य **वस्तु वा सेवाहरुः** | सलाई (काठको काटी मात्र), धुप, टायर ट्याव उद्योग, मैदा उद्योग, स्वदेशमा उत्पादित बनस्पति घ्यु र तोरीको तेल उद्योग, स्वदेशी डेरी उद्योग, चिया उद्योग, भाँडा उद्योग, कपडा उद्योग, सेलुलर मोबाइल फोन सेट तथा चिनी उद्योगलाई आंशिक सुविधा दिई सो अनुसार मु.अ.कर फिर्ता दिने व्यवस्था हटाइएको |
| अनुसुची १ समुह : ११ अन्य वस्तु तथा सेवा (आ) अन्य **वस्तु वा सेवाहरुः** | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा सामुदायिक शिक्षण संस्थाले ३० सिट वा सोभन्दा बढी क्षमताको एक थान बस आयात गर्दा मुल्य अभिवृद्धि कर छुट दिइएको |
| अनुसुची १ समुह : ११ अन्य वस्तु तथा सेवा (आ) अन्य **वस्तु वा सेवाहरुः** | संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ खटिने सैनिक, सशस्त्र प्रहरी र नेपाल प्रहरीको डफ्फाको प्रयोगका लागि लगतमा राखी लगेका आर्मौड पर्सनल क्यारियर, सवारी साधन, हात हतियार लगायत सबै प्रकारका मालवस्तु मु.अ.कर छुट दिइएको । |

Compiled By